**24 July, 2025**

**मुख्य समाचार**

- **भारत र ब्रिटेनद्वारा ऐतिहासिक मुक्त व्यापार सम्झौतामा हस्ताक्षर**
- **श्री मोदीले दुवै देशको साझा समृद्धिको बाटो खोलिने अनि श्री स्टारमरले दुवै देशलाई ठूलो लाभ हुने बताउनुभयो**
- **संसदमा लगातार चौथो दिन पनि गतिरोध जारी, दुवै सदनको कार्यवाही स्थगित**
- **केन्द्रिय सहकारिता मन्त्रीद्वारा राष्ट्रिय सहकारी नीति २०२५ सार्वजनिक**
- **देशले स्वच्छ ऊर्जा प्राप्त गरिरहेको श्री पुरीले बताउनुभयो**
- **पाँच वर्षपछि भारतले चिनियाँ नागरिकहरूलाई जारी गऱ्यो भिसा**
- **रुसी विमान दुर्घटनामा 49 जनाको मृत्यु, अनि**
- **चाइना ओपन ब्याडमिन्टनमा 17 वर्षीय उन्नति हुडाले पी.भी. सिन्धुलाई हराइन**

**अब समाचार विस्तारमा**

**प्रधानमन्त्री लन्डन**

भारत र ब्रिटेनले आज ऐतिहासिक मुक्त व्यापार सम्झौतामा हस्ताक्षर गरेका छन्।
यस सम्झौताबाट व्यापार अनि रक्षा सहित विभिन्न क्षेत्रमा भारत अनि ब्रिटेनको साझा समृद्धिको मार्ग प्रशस्त हुनेछ।
लन्डनमा ब्रिटिस प्रधानमन्त्री केयर स्टारमरसँगको वार्तापछि प्रधानमन्त्री नरेन्द्र मोदीले भारत र ब्रिटेनबीचको द्विपक्षीय सम्बन्धमा आजको दिन ऐतिहासिक भएको बताउनुभयो। उहाँले खुशी व्यक्त गर्दै भन्नुभयो, धेरै वर्षको कडा परिश्रमपछि दुई देशबीच व्यापक आर्थिक तथा व्यापार सम्झौता भएको छ। प्रधानमन्त्रीले भन्नुभयो, यो सम्झौताले भारत र ब्रिटेनको साझा समृद्धिको बाटो खोलिनेछ।

ब्रिटेनका प्रधानमन्त्री केयर स्टारमरले भन्नुभयो, युरोपेली संघबाट बाहिरिएपछि मुक्त व्यापार सम्झौता ब्रिटेनको सबैभन्दा ठूलो र आर्थिक रूपमा सबैभन्दा महत्त्वपूर्ण व्यापार सम्झौता हो। उहाँले प्रधानमन्त्री मोदीलाई उहाँको नेतृत्व र व्यावहारिकताको लागि धन्यवाद दिनुभयो। श्री स्टारमरले भन्नुभयो, यस सम्झौताबाट दुबै देशले ठूलो लाभ उठाउनेछन्।

**लोकसभा-राज्यसभा स्थगित**

संसदमा लगातार चौथो दिन पनि गतिरोध जारी रह्यो। विपक्ष दलहरूले बिहार मतदाता सूची संशोधन अनि अन्य मुद्दामा चर्चाको मांग गर्दै आएका छन्।
विपक्षी दलहरूले होहल्ला जारीराखेपछि संसदका दुवै सदनको कार्यवाही भोलिसम्मका लागि स्थगित भएको छ। लोकसभा पहिले दिउँसो २ बजेसम्म र त्यसपछि दिनभरका लागि स्थगित भयो।

राज्यसभामा केही सूचीबद्ध कामहरू भए पनि विपक्षी दलहरूको होहल्लाका कारण सदनको कार्यवाही अवरुद्ध रह्यो, जसका कारण सदनको कार्यवाही पहिले दिउँसो २ बजेसम्म र त्यसपछि दिनभरिका लागि स्थगित भयो।

अर्कोतिर, राज्यसभाका उपसभापति हरिवंशले आज मनोनीत सदस्य उज्ज्वल निकमलाई शपथ ग्रहण गराउनुभयो। सदनले आज अवकाश लिँदै गरेका तमिलनाडुका छ जना सदस्यहरूलाई पनि बिदाइ गऱ्यो।

**लोकसभा स्वच्छ ऊर्जा**

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले लगभग सम्पूर्ण देशले स्वच्छ ऊर्जा प्राप्त गरिरहेको बताउनुभएको छ। आज लोकसभामा एक प्रश्नको उत्तरमा श्री पुरीले सरकार CNG र PNG सहित सबै प्रकारका स्वच्छ ऊर्जाप्रति प्रतिबद्ध रहेको बताउनु भयो। उहाँले भन्नुभयो, अहिले देशमा डेढ करोड PNG जडानहरू छन्, सन् २०१४ मा यो संख्या केवल २५ लाख मात्र थियो। श्री पुरीले भन्नुभयो, LPG जडानहरू पनि सन् २०१४ को १४ करोडबाट बढेर अहिले ३३ करोड पुगेको छ। उहाँले देशमा बायोग्यासको क्षेत्रमा उल्लेखनीय प्रगति भएको पनि बताउनुभयो।

**शाह- सहकारी नीति**

केन्द्रिय गृह तथा सहकारिता मन्त्री अमित शाहले आज नयाँ दिल्लीमा राष्ट्रिय सहकारी नीति २०२५ सार्वजनिक गर्नुभयो। यस नीतिले 'सहकारबाट समृद्धि' भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै विकसित भारत २०४७ को दूरदृष्टिलाई सुदृढ बनाउने लक्ष्य राखेको छ।

सुन्नुहोस् एक रिपोर्ट

**ईडी - रिलायन्समा छापा**

प्रवर्तन निर्देशनालय **ED** ले आज रिलायन्स अनिल अम्बानी समूहका कम्पनीहरूको ३५ स्थानमा ठगी र मनी लान्ड्रिङको सम्बन्धमा छापा मारेको छ। अनुसन्धानमा ५० कम्पनी र २५ भन्दा धेरै व्यक्तिहरू संलग्न छन्। प्रारम्भिक अनुसन्धानले २०१७ देखि २०१९ सम्म एक निजी बैंकबाट लगभग ३ हजार करोड रुपियाँको ऋणको दुरुपयोग भएको खुलासा भएको बताएको छ।

**भारत चीन भिसा**

पाँच वर्षको अन्तरालपछि भारतले आजदेखि चिनियाँ नागरिकहरूलाई पर्यटक भिसा जारी गर्न पुनः सुरु गरेको छ। भिसाको लागि अनलाइन आवेदन दिन सकिनेछ। बेजिङस्थित भारतीय दूतावास अनि संघाई र ग्वाङ्झाउस्थित वाणिज्य दूतावासहरूबाट भीसा प्राप्त गर्न सकिनेछ भनी बेजिङस्थित भारतीय दूतावासले एक विज्ञप्तिमा जनाएको छ।

गत महिनाको ३० तारिखबाट कैलाश मानसरोवर यात्रा पुनः सुरु भएको केही समयपछि यो कदम चालिएको हो।

**रुसी विमान दुर्घटना**

अङ्गारा एयरलाइन्सद्वारा सञ्चालित रुसी **AN-**24 विमान आज रुसको पहाडी अमुर क्षेत्रमा दुर्घटनाग्रस्त हुँदा विमानमा सवार पाँच बालकबालिका र छ जना चालक दलका सदस्यसहित ४९ जनाको मृत्यु भएको छ। अधिकारीहरूले दुर्घटनामा कोही पनि जीवित नभएको पुष्टि गरेका छन्।

**ब्याडमिन्टन- चाइना ओपन**

ब्याडमिन्टनमा, भारतकी उन्नति हुडाले आज आफ्नो करियरको सबैभन्दा ठूलो जित प्राप्त गर्दै चाङझाउमा भइरहेको चाइना ओपन सुपर थाउसन्ट प्रतियोगिताको प्रिक्वाटरफाइनलमा दुई पटककी ओलम्पिक पदक विजेता पी.भी. सिन्धुलाई पराजित गरिन्। १७ वर्षीया खेलाडीले ७६ मिनेटको खेलमा सन्तुलन र रणनीतिक स्पष्टता देखाउँदै खेलमा प्रभुत्व जमाइन्। हुडा चाइना ओपनको क्वार्टरफाइनलमा पुग्ने सबैभन्दा कान्छी भारतीय महिला बनेकी छिन्।
पुरुष डबल्समा सात्विकसाईराज रन्कीरेड्डी र चिराग शेट्टीको जोडी प्रतियोगिताको क्वार्टरफाइनलमा पुगेको छ।
अर्कोतिर, पुरुष सिङ्गल्समा, एच एस प्रणय प्रतियोहिताबाट बाहिरिएका छन्।

**क्रिकेट -टेस्ट**

म्यानचेस्टरमा भइरहेको एन्डरसन-तेन्दुलकर ट्रफी टेस्ट क्रिकेट श्रृङ्खलाको चौथो टेस्टमा भारतले इङ्गल्याण्ड विरुद्ध पहिलो पारीमा 358 रन बनाएको छ। आज भारतले दोस्रो दिनको खेल ४ विकेटमा २६४ रनबाट शुरु गरेर 358 रन संग्रह गरेको हो। सिरिजमा इंग्याल्यण्ड 2-1 ले अघि रहेको छ।

**मुख्य समाचार फेरि एकपल्ट**

- **भारत र ब्रिटेनद्वारा ऐतिहासिक मुक्त व्यापार सम्झौतामा हस्ताक्षर**
- **श्री मोदीले दुवै देशको साझा समृद्धिको बाटो खोलिने अनि श्री स्टारमरले दुवै देशलाई ठूलो लाभ हुने बताउनुभयो**
- **संसदमा लगातार चौथो दिन पनि गतिरोध जारी, दुवै सदनको कार्यवाही स्थगित**
- **केन्द्रिय सहकारिता मन्त्रीद्वारा राष्ट्रिय सहकारी नीति २०२५ सार्वजनिक**
- **देशले स्वच्छ ऊर्जा प्राप्त गरिरहेको श्री पुरीले बताउनुभयो**
- **पाँच वर्षपछि भारतले चिनियाँ नागरिकहरूलाई जारी गर्‍यो भिसा**
- **रुसी विमान दुर्घटनामा 49 जनाको मृत्यु, अनि**
- **चाइना ओपन ब्याडमिन्टनमा 17 वर्षीय उन्नति हुडाले पी.भी. सिन्धुलाई हराइन**